स्थानीयस्तरमा परम्परागत जातीय सिप प्रवर्द्धन कार्यक्रम अन्तरगत

# कोहार जातिको पेशागत आधुनिक सिप विकास तालिम

संचालनका लागि तयार पारिएको

## कार्यशर्त विवरण (Terms of Reference)

२०८१

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सामाजिक विकास शाखा

बैदौली, कपिलवस्तु

**स्थानीयस्तरमा परम्परागत जातीय सिप प्रवर्द्धन कार्यक्रम अन्तरगत**

# कोहार जातिको पेशागत आधुनिक सिप विकास तालिम

**१. पृष्ठभुमी :**

यशोधरा गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तरगत कपिलवस्तु जिल्लामा रहेको छ । यो गाउँपालिका कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखि दक्षिण तिर भारतको सीमा संग जोडिएको छ । यस गाउँपालिका अन्तरगत ८ वटा वडाहरु रहेका छन । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको ४४९०० जनसंख्या रहेको छ । यस पालिकामा तराई मधेसका विभिन्न जातजातीहरुको बसोबास रहेको छ जस मध्ये कोहार जातिको जनसंख्या विभिन्न वडामा गरी ६२८ जना करिब १.४ प्रतिशत रहेको छ । लै.स.सा.स. परिक्षण र LISA सूचकको आधारमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था कमजोर रहेको देखिनछ ।

कोहार जातिको प्रमुख पेशा माटोको भाडाकुडा, बर्तन बनाउने हो । माटोबाट निर्मित भाडाकुडा, बर्तनलाई बेचेर जिबिकोपार्जनको लागि मुख्य कार्य हो कोहार जातिको । हालको अवस्थामा कोहार जातिको पेशा लोप हुने अवस्थामा देखिन्छ । पलाष्टिकजन्य झोला, बर्तन, भाडाकुडा, गमला तथा अन्य सामग्रीको उत्पादन तथा प्रयोगले गर्दा कोहार पेशा व्यवसायबाट घर परिवारलाई चाहिने आधारभूत अवश्यक्ता परिपूर्ति गर्न नसिक्ने भएकोले कोहारहरुले परम्परागत पेशालाई अब निरन्तरता दिन नसकिने निजहरुको विचार रहेको छ । यस गाउँपालिका भित्र अशिक्षा, गरिवी, सामाजिक नकारात्मक मुल्य मान्यता रहेको छ साथै न्यून रोजगारीको अवसर छ । बेरोजगारी तथा गरिबीले गर्दा बाल विवाह, घरेलु हिंसा, सामाजिक विभेदहरुका घटनाहरु हुने गरेका छन । पेशा रोजगारको लागि जनताले भारत तथा अन्य मुलुकमा बाध्य भई जानु पर्ने आवस्था रहेको छ । कोहार जातिका व्यक्तिहरु परम्परागत जातिय पेशा गरि रहेका छन्

प्रमुख प्रशासकीय अधिकृत

जसले गर्दा जिवन निर्वाह मात्र भएको छ । कोहार जातिको परम्परागत पेशालाई आधुनिक पेशामा परिणत गर्न आधुनिक सीप विकास तालिमको आवश्यक्ता रहेको छ । आधुनिक सिप तालिम मार्फत कोहार जातिको पेशा प्रवर्द्धन हुने तथा उद्यमी बन्ने भई सोहि पेशाले राम्रो आय आर्जन हुने प्रवल सम्भावना रहेको छ ।

**२. उद्देश्य :**

नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको नीति अनुसार पालष्टिकजन्य झोला, बर्तन, भाडाकुडा, गमला तथा अन्य सामग्रीको उत्पादन तथा प्रयोगमा बन्देज लगाउने प्रावधान समेत कार्यान्वयनमा टेवा पुग्नेछ साथै वातावरण संरक्षण र सन्तुलनमा योगदान हुनेछ । यस तालिमकको प्रमुख उद्देश्यहरु निम्न लिखित छन् ।

- कोहार जातिलाई आधुनिक सीप विकास तालिम प्रदान गर्ने ।
- प्रविधि हस्तान्तरण गर्न ।
- कोहार जातिको जातिय पेशा प्रवर्द्धन तथा संरक्षण गर्ने ।
- रोजगारीको अवसर सृजना गर्न ।
- रोजगारी सिर्जना मार्फत गरिबी न्यूनीकरण गर्न ।
- वातावरण संरक्षणमा टेवा पुरयाउने ।

**३. कार्यविधि :**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, १५ औं आवधिक योजना, दिगो विकासका लक्ष्यहरुमा लैङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई महत्वका साथ सम्बोधन गरेको छ । कोहार जातिको पेशा प्रवर्द्धन तालिम संचालन संचालन गर्न सार्वजनिक

प्रमुख प्रशासकीय अधिकृत

खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) अनुसार यस क्षेत्रमा विज्ञता भएका विज्ञहरु, फर्म तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रस्तावना माग गर्ने, छनौट गर्ने तथा छनौटको आधारमा सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।

नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका (आठौ संस्करण), लुम्बिनी प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा यशोधरा गाउँपालिकाको तालिम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७ अनुसार कार्यक्रममा आवश्यक्ता अनुसार विभिन्न शिर्षकमा बजेट बाडफाँड गर्नु पर्नेछ ।

**४. कार्यक्रम तथा बजेट :**

यशोधरा गाउँपालिकाको आ. व. ०८०।८१ को लागि १३औं गाउँ सभाबाट संशोधित बजेट तथा कार्यक्रममा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्र तर्फ स्थानीयस्तरमा परम्परागत जातीय सिप प्रवर्द्धन कार्यक्रममा रु. १०,००,०००।- (आन्तरिक श्रोत तर्फ) रकम विनियोजित रहेको छ ।

**५. लक्षित सहभागी :**

यशोधरा गाउँपालिकाको १० जना कोहार जातिको व्यक्तिलाई तालिम कार्यक्रममा सहभागी गराईन्छ । कोहार जाति भित्रको महिला, अपाङ्गता भएको व्यक्तिलाई सहभागीताको लागि प्राथमिकता दिईनेछ ।

**६. संघ संस्था तथा फर्मको योग्यता र अनुभव :**

- दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी,
- मुल्य अभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपी,

प्रमुख प्रशासकीय अधिकृत

- २०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
- मौजुदा सूचिमा दर्ता भएको सूचिकृत प्रमाण पत्रको प्रतिलिपी,
- समान प्रकृतिको कामको अनुभव भएको,
- संस्थाको कार्यानुभव र संस्थाको जनशक्तिको योग्यता एव अनुभवको विवरण र काम गर्ने मानविय श्रोतको वायोडाटा सहितको विवरण ।

**७. संघ संस्था तथा फर्म छनौटको आधार :**

कार्यक्रम संचालनका लागि सेवा प्रदायक संघ संस्था तथा फर्मबाट पेश भएका प्रस्तावहरुको मूल्यांकन प्रक्रिया देहायको आधार तथा तपशिलको अंकको सीमा ननाघ्ने गरी अंकभारको आधारमा मूल्याङ्कन गरी छनौट गरिनेछ :-

(क) खास कामको अनुभव - २५ अंक

(ख) संस्थागत क्षमता र स्थानीयता - २० अंक (१५ + ५ अंक)

(ग) जनशक्तिको योग्यता र अनुभव - २० अंक (१० + १० अंक)

(घ) लगत सहभागीता प्रतिशत तथा कागजात - १५ अंक (५ + १० अंक)

(ङ) न्यून लागत रकम - २० अंक

**८. प्रविधि हस्तान्तरण :**

यो कार्यक्रमको प्रमुख उद्देश्य कोहार जातिको परम्परागत पेशालाई अधुनिकीकरण गर्न सीप विकास गर्ने हो । सीप विकास भए पछि सीप अनुसार काम गर्नको लागि समूहमा वा सबै सहभागीलाई प्रविधि हस्तान्तरण गर्नु हो र कार्यक्रम अन्तरगत अनिवार्य रुपमा प्रविधि हस्तान्तरण गर्नु पर्नेछ । प्रविधि खरिद गर्दा प्रचलित कानून बमोजिम खरिद गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**९. कार्यक्रमको मिति र सयम :**

सम्झौता हुने संघ संस्था वा फर्मले तालिम कार्यक्रम कम्तिमा एक महिना सञ्चालन गर्नु पर्नेछ । तालिम यशोधरा गाउँपालिका भित्र सहभागीलाई सहज हुने स्थानमा सञ्चालन गर्नु पर्नेछ साथै सम्झौता पत्रमा उल्लेख भएको मिति र समयमा तालिम संचालन गरी सम्पन्न गर्नु पर्नेछ ।

**१०. बजेट खर्च विवरण :**

यो कार्यक्रम संचालनको लागि संघ संस्थालाई कुनै प्रकारको पेश्की रकम उपलब्ध गराईने छैन । कार्यक्रममा लागि विनियोजित बजेट मध्ये सजहकर्ताको पारिश्रमिक, कार्यक्रम संयोजक र सहयोगी कर्मचारी भत्ता, खाजा, खाना, सहभागी भत्ता र यातायात खर्च, अनुगमन, स्टेशनरी, कोठा भाडा, हल भाडा, प्रविधि खरिद, तालिम सामग्री खरिद तथा अन्य व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

**११. कार्यक्रमको भुक्तानी व्यवस्था :**

संघ संस्था वा फर्मले सम्झौता अनुसार कार्यक्रम संचालन गरी सम्पन्न भएको प्रतिवेदन लगायत अन्य बिल भरपाई पेश गरेको आधारमा कार्यक्रमको खर्च भुक्तानी गरिनेछ ।

पेश गर्ने
कृष्ण नाथ पाण्डेय
अधिकृत

सदर गर्ने
रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत